# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)
६ नं. प्रदेश, नेपाल

सम्पर्क नं. ०८८५३०२२२ ०८८५३०१३१


मिति : २०७५/०२/१३

पत्र संख्या : २०७४/०७५

चलानी नम्बर : ५४०

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(पहिलो पटक प्रकाशित मिति : २०७५।२।१३)

यस नगरपालिकाभित्रका मुख्य बजार क्षेत्रहरुमा सरसफाई अभियान सञ्चालन गर्दै स्वच्छ एवम् सफा नगर निर्माणको अभियानलाई प्रभावकारी ढङ्गले सञ्चालन गरी पूर्ण सरसफाईयुक्त नगरपालिका घोषणा गर्ने महत्वपूर्ण कार्यलाई सार्थक तुल्याउन नगरपालिकासँग साझेदारी गरी कार्य गर्न ईच्छुक नगरस्तरिय क्लब, संघसंस्थाहरुलाई तपसिलमा उल्लेख भए बमोजिमको शर्त पालना गर्ने गरी ५ दिनभित्र प्रस्ताव पेश गर्न आउनु हुन अनुरोध छ ।

**शर्तहरु**

- नगरपालिकासँग साझेदारी गर्न इच्छुक संस्था वा क्लब नगरस्तरिय अर्थात १४ वटै वडामा कार्यक्षेत्र भएको गैर नाफामूलक संस्था वा क्लब हुनुपर्ने छ ।
- साझेदारीको लागि छनौट भईसकेपछि प्रत्येक हप्ताको शुक्रवार विहान ७ बजेदेखि ९ बजेसम्म नगरपालिका स्थित राडिज्युउला बजार, सिमबजार लगायतका क्षेत्रहरुमा सरसफाइ अभियान संचालन गर्नुपर्नेछ । सरसफाई अभियान अन्तर्गत फोहरमैलाको व्यवस्थापन, डस्टविन राख्ने, होडिङ वोर्ड निर्माण गरी नगरपालिकाले तोकेका स्थलहरुमा टाँस्ने, पूर्ण सरसफाईका ६ सूचकहरुको बारेमा सचेतनामूलक कार्यक्रम संचालन गर्ने, नदी एवम् सार्वजनिक स्थलहरुको सफाई गर्ने, 'Polluter Pay Principle' अनुसार जथाभावि फोहर फाल्ने व्यक्तिहरुको पहिचान गरी कारवाहीको लागि नगरपालिकामा सिफारिस गर्ने, प्रत्येक वडा कार्यालयहरुमा समेत आफ्ना शाखाहरु विस्तार गरी सरसफाई अभियान सञ्चालन गर्ने लगायतका क्रियाकलापहरु रहनेछन् ।
- माथि उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न लाग्ने अनुमानित बजेट रकम प्रस्तावमा उल्लेख गर्नु पर्नेछ । अनुमानित बजेट प्रस्ताव गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :

| क्र. स. | कार्यक्रम/क्रियाकलापको नाम | अनुमानित रकम रु |
|---|---|---|
| १. | प्रत्येक शुक्रवार विहान ७ बजेदेखि ९ बजेसम्म मुख्य बजार क्षेत्रमा सरसफाई गर्ने तथा गराउने | |
| २. | मुख्य बजार क्षेत्रका पहिचान भएका स्थलहरुमा २५ वटा डस्टविन राख्ने | |
| ३. | पूर्ण सरसफाईका ६ सूचकहरुको सम्बन्धमा सचेतनामूलक एवम् प्रवर्द्धनात्मक कार्यक्रम | |

नि. प्रमुख प्रशासकीय अधिकृत



URL: https://www.aathbiskotmun.gov.np E-mail: aathbiskotmun073@gmail.com

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## ६ नं. प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


**पत्र संख्या :** २०७४/०७५

**मिति :** २०७५/०२/१३

**चलानी नम्बर :** ९४०

| | | |
|---|---|---|
| | संचालन गर्ने, होडिङ बोर्ड, पर्चा, पम्प्लेट टाँस्ने | |
| ४. | 'Polluter Pay Principle' अनुसार जथाभावी फोहरमैला फाल्ने व्यक्तिहरुको पहिचान गरी कारवाहीको लागि नगरपालिकामा सिफारिस गर्ने | |
| ५. | हाल नगरपालिका कार्यालय रहेको क्षेत्र वरीपरी एवम् सामुदायिक वनमा कम्तिमा ५०० विरुवाहरु लगाई वृक्षारोपन कार्यलाई प्रभावकारी ढंगले अगाडी बढाउने | |
| ६. | वडा कार्यालयहरुमा समेत शाखाहरु विस्तार गरी वडा कार्यालयहरुसँगको साझेदारीमा सरसफाई अभियान संचालन गर्ने | |

- प्रस्तावसँगै दर्ता प्रमाणपत्र, नवीकरण, करचुक्ता प्रमाणपत्र, नगरपालिकामा सूचीकृत भएको प्रमाणपत्रका प्रतिलिपि तथा आवश्यकता अनुसार अन्य कागजातहरु संलग्न गर्नुपर्नेछ ।
- यस आर्थिक वर्षको लागि अनुमानित बजेट रु ४ लाखभन्दा बढि हुने छैन् । रु ४ लाखभन्दा कम रकम प्रस्ताव गर्ने क्लब वा संस्थाको प्रस्ताव स्वीकृत गरी सम्झौता गरिनेछ र सरसफाई अभियान संचालन गरिनेछ ।
- म्याद नाघि प्राप्त प्रस्तावहरुको सम्बन्धमा कुनै कारवाही हुने छैन् ।

पुनश्च : केही द्विविधाहरु भएमा नगरपालिकामा सम्पर्क गरी स्पष्ट हुन सकिनेछ ।

बोधार्थ

श्री सूचना तथा अभिलेख व्यवस्थापन केन्द्र : Website मा Upload गर्नुहुन ।

रामबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत